आज मिति २०७९ साल चैत्र १० गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | टामन सिग्देल | अधिकृत छैटौं | |
| २७ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २८ | डोरनिधि सुबेदी | स. ले. प. | |

**प्रस्तावहरुः**

१. बेरुजुको प्रारम्भिक रिपोर्ट सम्बन्धमा

२. रैथाने बाली कार्यक्रम सम्बन्धमा

३. कृषक भ्रमण सम्बन्धमा

४. सार्वजनिक सुनुवाई सम्बन्धमा

५. तालिम कार्यक्रम सम्बन्धमा

६. नेपाल ट्रेडिङ लगायत अन्य पुरानो भुक्तानी सम्बन्धमा

७. नगरस्तरीय कार्यक्रम सम्बन्धमा

८. विविध

## निर्णयहरु

१. गत आ.व. २०७८।७९ को महालेखा परीक्षकले लेखापरीक्षण पश्चात दिएको प्रारम्भिक प्रतिवेदन उपर गहन छलफल गरी असूल उपर गर्ने, पेश्की फर्छ्यौट गर्ने, नियमित गर्ने बेरुजुको लागि सम्बन्धित कर्मचारी, व्यक्ति, उपभोक्ता समिति, फर्म र संस्थालाई पत्र पठाई महालेखा परीक्षकको कार्यालयले तोकेको ३५ दिन भित्र संपरीक्षणको लागि आवश्यक प्रक्रिया पूरा गर्ने निर्णय गरियो ।

२. नगर सभाले स्वीकृत गरेको कृषि कार्यक्रम अन्तर्गतको रैथाने बाली कार्यक्रम संचालनको लागि नगरपालिकाको प्रकाशित सूचना अनुसार २ वटा कृषि फर्मले आवेदन दिएकोमा सो कार्यक्रम संचालन गर्न विनियोजित बजेट मध्ये हाम्रो सामुदायिक बिऊ बैंक, कटारी-३ लाई ६०% र कालिका देवि कृषक समूह, कटारी-१० लाई ४०% बजेट उपलब्ध गराउने आर्थिक विकास समितिको निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस कटारी नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार मिति २०७९/१२/२२ गते देखि २४ गते सम्म कृषक अध्ययन, अवलोकन भ्रमणका लागि खोटांग, भोजपुर र धनकुटाको कृषि फर्म अवलोकन गर्न प्रत्येक वडाबाट १/१ जना अगुवा कृषक र वडा अध्यक्षहरुसहितको टोलि सहभागी गराउने निर्णय गरियो ।

४. चालु आ.व. २०७९।८० को यस नगरपालिकाको दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई यहि मिति २०७९ चैत्र २६ गते कटारी नगरपालिका वडा न. ४ को कार्यालय परिसरमा सबै सरोकारवाला पक्षको उपस्थितिमा संचालन गर्ने निर्णय गरियो ।

५. यस कटारी नगरपालिकाको सम्पूर्ण वडा सदस्यहरुलाई बजेट तथा योजना तर्जुमा, सबै जनप्रतिनिधिहरुलाई बेरुजु, कर्मचारीहरुलाई सार्वजनिक खरिद व्यवस्थापन, टोल विकास संस्थाका पदाधिकारीहरुलाई टोल विकास संस्था संचालन तथा व्यवस्थापन सम्बन्धी तालिम दिने निर्णय गरियो ।

६. नेपाल ट्रेडिङ एण्ड हार्डवेयर प्रा.लि., कटारी, हिमगिरी सप्लायर्स एण्ड ट्रेडर्स, कटारी र हिम शिखर सप्लायर्स एण्ड ट्रेडर्सबाट नगरपालिकाले गत आ. व. मा विभिन्न कार्यक्रम र आयोजनाका लागि

प्रमुख प्रशासकीय अधिकृत

विविध सामग्रीहरु खरिद गरेकोमा बजेट अभावका कारण भुक्तानी गर्न नसकेको हुनाले पुराना आयोजनाको भुक्तानी सम्बन्धी उप मेयरको संयोजकत्वमा गठित ५ सदस्यीय समितिले वडा कार्यालयको सिफारिसको आधारमा स्थलगत तथा प्राविधिक अनुगमन र मुल्यांकन गरि कार्यपालिकामा प्रतिवेदन पेश गर्ने, उक्त प्रतिवेदनको कार्यपालिकामा छलफल गरि भुक्तानीको लागि आवश्यक प्रकृया आगाडी बढाउने निर्णय गरियो साथै सो कामको लागि सम्बन्धित वडाहरुमा आवश्यक कागजात सहित पत्र पठाउने निर्णय समेत गरियो ।

७. नगरसभाले स्वीकृत गरेको नगरस्तरीय कार्यक्रम (सि.न. ३४) मा विनियोजित बजेटबाट तपशिलका आयोजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको विबरण | वडा नं. | स्थान | रकम |
|---|---|---|---|---|
| १ | शिव मन्दिर निर्माण | ०१ | वेलसोत चोक | ३००००० |
| २ | देउलिकुना क्लव घर जग्गा व्यवस्थापन | ०७ | देउलिकुना | २५०००० |
| ३ | तल्लोताल गुराँस ईनार निर्माण | ०२ | गुराँस | १२०००० |
| ४ | कल्याणपुर सुकुम्वासि(माथिल्लो) टोल ईनार निर्माण | ०२ | कल्याणपुर | १५०००० |
| ५ | भालुखोप पाट्ने खानेपानी योजना | ०७ | पाट्ने | १५०००० |
| ६ | चापाकल तथा मोटर खरिद योजना | ०६ | | १२५००० |
| ७ | खाडीखोप शिव मन्दिर निर्माण योजना | ०५ | खाडीखोप | ५००००० |
| ८ | ददरिया शौचालय निर्माण | ०२ | तल्लो ददरिया | ३००००० |
| ९ | कृषि टनेल वितरण योजना (३५ जना लाई) | ११ | कृषि टोल | २५०००० |
| १० | सिरुवानी खाने पानी विस्तार | ११ | सिरुवानी | ७०००० |
| ११ | कृषि बजार चौतारो निर्माण | ०४ | कृषि बजार | २५०००० |
| १२ | बलिया सिचाई योजना | ०३ | बलिया | २५०००० |
| १३ | जनमुखी मा.वि. बसेरी खानेपानी धारा निर्माण | १२ | बसेरी | १५०००० |
| १४ | खोप केन्द्र सामाग्री खरिद तथा रगं रोगन | ०९ | खानी भन्ज्याङ्ग | १५०००० |
| १५ | वेलसोत तल्लोताल सिंचाई योजना | ०१ | वेलसोत | १५०००० |
| | जम्मा :- | | | ३१६५००० |

८. विविध

क) कटारी नगरपालिकाको कर्मचारीको तह तथा स्थरवृद्धि सम्बन्धी ऐन २०७७ को परिच्छेद ३ को दफा ४ अनुसार कटारी नगरपालिकामा (साविक गा.वि.स., नगरपालिका, जि.वि.स.मा) स्थाई नियुक्ति पाई कटारी नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि तपसिलका सदस्य समिति तोकि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिलः**

संयोजक - अनिल किराती (प्रमुख प्रशासकीय अधिकृत)

सदस्य - सुरेश दाहाल (जनस्वास्थ्य अधिकृत)

सदस्य - टामन सिग्देल (प्रशासन शाखा प्रमुख, अधिकृत छैटौं)

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

ख) गराँस तेक्वान्दो दोजंगको च. नं. १०११, मिति २०७९/१०/२७ को पत्रानुसार जुनियर तेक्वान्दो प्रतियोगितामा सहभागिताको लागि लागेको गाडी भाडा रु.२८,५०० सवारी भाडा शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ग) यस कटारी नगरपालिकाको लागि आर्थिक व. २०८०/८१ को वित्तीय समानीकरण अनुदान सिफारिसका लागि तयार पारिएको स्थानीय सरकारको कार्यसम्पादन सूचकको अन्तिम नतिजामा नगरपालिकाले ६२.५५% प्राप्त गरेको विषयमा गहन छलफल गरी आगामी आर्थिक वर्ष यो भन्दा धेरै नम्बर ल्याउन पहल गर्ने निर्णय गरियो ।

घ) कटारी नगरपालिका वडा नं. को च. नं. ३८०, मिति २०७९/११/२९ को पत्रानुसार चालु आ. व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम वडा स्तरीय विपत व्यवस्थापनका लागि विनियोजित बजेट रकम रु. २,००,००० लाई रकमान्तर गरि सामुदायिक पर्यटन पार्क निर्माणको सडक मार्ग निर्माणमा खर्च गरिने निर्णय गरियो ।

ङ) किरात राई पत्रकार संघ नेपाल, उदयपुरको च. नं. ६१, मिति २०७९/११/३० को पत्रानुसार आर्थिक सहयोग माग भएको हुनाले बिल भर्पाइ अनुसारको रकम रु. १६,००० सूचना तथा संचार शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

च) अन्तर पालिका जिल्ला स्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता कार्यक्रम उदयपुर जिल्लाको गाईघाटमा मिति २०७९/११/२६ देखि २८ सम्म संचालन भएको खेलमा यस नगरपालिका वाट सहभागी गराउन ३,००,००० पेश्की रकम उपलब्ध गराएको हुनाले सो रकम अनुमोदन गर्ने र बिल भर्पाई अनुसार अपुग थप रकम रु. ३०,०००। खेलकुद कार्यक्रम शिर्षकको बाँकी बजेटबाट उपलब्ध गराउने निर्णय गरियो।

छ) कटारी नगरपालिका, वडा नं. ८ को खानीयाँ दोभान खलंगा लिफ्टिंग खानेपानी आयोजनाको लागि च. नं. ६४१, मिति २०७९/१२/०५ को पत्रानुसार र सो आयोजनाको अध्यक्षको निवेदन अनुसार नै बिभिन्न संघ संस्था तथा मन्त्रालयहरुमा सो योजना मागको सिफारिस गर्ने निर्णय गरियो ।

ज) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद व्यवस्थापन शाखा)को च. नं. १५९, मिति २०७९/१०/२७ को परिपत्रअनुसार सर्बोच्च अदालतबाट च. नं. १५९, मिति २०७९/०९/३० मा जारी आदेश कार्यान्यवनको लागि पेश भएको हुदा सोहि बमोजिम कार्यान्यवन गर्ने निर्णय गरियो ।

झ) ओरेक, नेपालको च. नं. ८३, मिति २०७९/११/२८ को पत्रानुसार यस न. पा. मा जनवरी २०२३ देखि डिसेम्बर २०२३ सम्मको लागि कार्यक्रम तथा बजेट पेश अनुमतिको लागि पेश गरेको हुदा सो कार्यक्रमलाई अनुमति दिने निर्णय गरियो ।

ञ) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संघीय मामिला शाखा) को च. नं. ७४, मिति २०७९/०९/१९ को परिपत्रअनुसार सम्मानित संघिय संसद, राष्ट्रिय सभाको संघीयता कार्यान्वयन आध्ययन तथा अनुगमन संसदीय विशेष समितिले नेपाल सरकार र सरोकारवाला निकायहरुलाई कार्यान्वयनको लागि गरेका सिफारिसहरू मध्ये क्र. स. ८, १०, १२, १४, १५, १७, १९, २३, २८, ३४, ५८, ५९, ६१, ६३, ७३, ७४, ७६, ७८, ८२, ८४, ८९, ९५ र ९८ सँग सम्बन्धित विषयहरुको जिम्वेदार निकायको रुपमा स्थानीय तह समेत

प्रमुख प्रशासकीय अधिकृत

तोकिएको हुदाँ सोको कार्यसम्पादन हुन मिति २०७९/०९/१८ को नेपाल सरकार (सचिवस्तरीय) निर्णयानुसार अनुरोध गरेको हुदा सोहि बमोजिम गर्ने निर्णय गरियो ।

ट) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सूचना प्रविधि शाखा) को च. नं. २५२, मिति २०७९/१०/२९ को परिपत्रअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं ४ को प सं. ४, स्थानीय १८४५, मिति २०७९/१०/२० च. नं. ३४५३२ को उजुरीको व्यहोरा कानुन बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

ठ) बिज्ञापन बोर्ड, बबरमहल, काठमाण्डौंको च. नं. ३२८, मिति २०७९/११/२८ गतेको पत्रबाट सम्मानित सर्वोच्च अदालतको होर्डिंग बोर्डमा मदिरा जन्य बस्तुको बिज्ञापन गर्न नपाइने सम्बन्धी भएको आदेशलाई कार्यान्यवन गर्ने निर्णय गरियो ।

ड) कटारी नगरपालिका वडा नं. ३ को च. नं. १२८०, मिति २०७९/१२/०२ सिफारिस अनुसार उक्त वडा स्थित रजबासमा रहेको फोहोर मैला बिसर्जन स्थानवाट प्रवाभित भएका घर परिवारको लागि निशुल्क स्वास्थ्य विमा प्रकृया आगाडी बढाउने निर्णय गरियो ।

ढ) कटारी नगरपालिकाको विपद व्यवस्थापन समितिको मिति २०७९/११/२७ गते र २०७९/१२/०७ बसेको बैठकको निर्णय अनुमोदन गरि स्वीकृत गर्ने निर्णय गरियो ।

ण) आर्थिक कोरिडोर कार्यालय, धनकुटाको च. नं. १३०, मिति २०७९/१२/०५ को पत्रानुसार यस कटारी नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति (LCC) गठन गर्ने निर्णय गरियो ।

१. राजेशचन्द्र श्रेष्ठ नगर प्रमुख – अध्यक्ष
२. प्र. प्र. अ. – सदस्य
३. एलिका मगर (कृषि तर्फ) – सदस्य
४. विजया न्यौपाने ( पशु पन्छी तर्फ) – सदस्य
५. प्रतिनिधि (स्थानीय तहले तोकेको महिला कृषि उद्यमी मध्ये वाट १ जना) – .................. सदस्य
६. प्रतिनिधि (स्थानीय तहले तोकेको स्थानीय कृषि सहकारीका अध्यक्षहरु मध्येवाट १ जना) – .................. सदस्य
७. प्रतिनिधि (स्थानीय तहले तोकेको स्थानीय कृषि समूहका अध्यक्षहरु मध्ये वाट १ जना) – .................. सदस्य
८. कृषि अधिकृत (आर्थिक कोरिडोरको कार्यालयको प्रमुखले तोकेको) – .................. सदस्य सचिव

त) आवधिक योजना निर्माणको लागि स्थानीय निर्देशक समिति सिफारिस गारिएको परामर्शदाता स्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनी प्रा. लि., काठमाडौंले प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, झापाको आर्थिक सहयोगमा २०७९ चैत्र १२ गते अभिमुखीकरण कार्यक्रम गर्ने र देहाय बमोजिमको कार्यतालिका प्रकाशन गर्ने निर्णय गरियो ।

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क. सं. | मिति | वडा कार्यालयहरु |
|---|---|---|
| १ | २०७९/१२/१३ | ४ |
| २ | २०७९/१२/१४ | ११,१४ |
| ३ | २०७९/१२/१५ | १३ |
| ४ | २०७९/१२/१६ | १० |
| ५ | २०७९/१२/१७ | ९ |
| ६ | २०७९/१२/१८ | ३, ५ |
| ७ | २०७९/१२/१९ | १, २ |
| ८ | २०७९/१२/२० | ६, ७ |
| ९ | २०७९/१२/२१ | ८, १२ |

थ) नगरसभाले स्वीकृत गरेको महिला तथा बालबालिकासंग उपमेयर कार्यक्रम (सि.न. ३९) मा विनियोजित बजेटबाट तपशिलका आयोजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सं | योजनाको विबरण | वडा नं. | स्थान | रकम |
|---|---|---|---|---|
| १. | मयांखु मा.वि.स्कुल कम्प्युटर खरिद | १३ | मयांखु | ३०००००.०० |
| २. | कुरिनभन्ज्याङ्ग विद्यालय टेवा पर्खाल निर्माण | ०८ | कुरिनभन्ज्याङ्ग | ३०००००.०० |
| ३. | श्री ज.मा.वि.गुरासे(खाने पानी ट्याङकि व्यवस्थापन) | ०२ | गुराँस | ३०००००.०० |
| ४. | कटरभन्ज्याङ आधारभुत विद्यालय कक्षाकोठा व्यवस्थापन | १० | | ३५००००.०० |
| ५. | पशुपति आधारभुत विद्यालय मझुवा खाने पानि व्यवस्थापन(पानी ट्याङकी र मोटर) | ०२ | मझुवा | ३५०००.०० |
| ६. | आधारभुत वरडाडा विधालय मर्मत | १० | | २५००००.०० |
| ७. | महिला हरुको आयआर्जनका लागी कुटान पिसान मिल खरिद | १४ | | १०००००.०० |
| ८. | महिला हरुको आयआर्जनका लागी कुटान पिसान मिल खरिद | १३ | | १०००००.०० |
| ९. | वालविकास केन्द्र सामाग्री वितरण (सवै वडाहरु) | १–१४ | | ३५००००.०० |
| १०. | महिला अभिमुखिकरण कार्यकम | | | २०००००.०० |
| ११. | मेलमिलाप सम्बन्धी तालिम संचालन योजना | | | २०००००.०० |
| | | | जम्मा रकम :- | २४८५०००.०० |

द) मिति २०७९।१०।१४ गते देखि २१ गतेसम्म त्रियुगा नगरपालिकामा आयोजना भएको गोल्डकप प्रतियोगितामा यस नगरबाट सहभागी भएका खेलाडीहरुको व्यवस्थापन गर्दा लागेको रकम रु १२,०००/ नगर खेलकुद विकास समितिको अध्यक्ष दिपक तामाङबाट माग भइ आएकोले सो रकम नगर खेलकुद कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

ध) यस कटारी नगरपालिका स्थित बसपार्कमा खानेपानी जडान र पोलबत्ती जडानको लागि सामग्री व्यवस्थापन गर्दा लागेको खर्च रु ४५,९६३ (अक्षरुपी पैतालिस हजार नौ सय त्रिसठ्ठी मात्र) भूक्तानी गर्ने निर्णय गरियो । स्रोतः नवीकरणीय उर्जा प्रविधि जडान

न) कटारी नगरपालिका वडा नं. ०४ स्थित जहडी सडक क्षेत्रमा फोहोरमैला तथा नाला सरसफाई सम्बन्धी कार्यका लागि प्राविधिक लागत अनुमान बमोजिम पेश भएको रकम रु. २,००,५२८.६४ (अक्षरुपी दुई लाख पाँच सय अठ्ठाईस रुपैयाँ चौसठ्ठी पैसा मात्र) विनियोजन गर्ने निर्णय गरियो । स्रोतः सरसफाई, फोहोरमैला तथा नाला सरसफाई कटारी नगरपालिका वडा न. १ को बेलसोत कालीखोला जोड्ने कालीखोला पक्की पुल निर्माणको लागि संघ तथा प्रदेश सरकारमा आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

प) ख श्री साङ्ग्रिला इन्फर्मेसन प्रा.लि., काठमाडौं र यस कटारी नगरकार्यपालिकाको कार्यालयबीच राजश्व (एकीकृत सम्पत्ति कर, आय लेखा, व्यवसाय) सम्बन्धित सफ्टवेयर जडान भई सञ्चालन गर्न सम्झौता भएकोमा चालु आर्थिक वर्षको नवीकरणका लागि मु.अ. कर सहित रु. ८९,८३५/- सेवा शुल्क माग भई आएको हुँदा उक्त रकम भूक्तानी गर्ने निर्णय गरियो । स्रोतः सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च

फ) श्री अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, काठमाडौंले आर्थिक सहयोग माग गरी मिति २०७९/१०/०२ गते निवेदन पेश गरेको हुँदा रु.१०,०००/-(अक्षरुपी दश हजार मात्र) विविध उपलब्ध गराउने निर्णय गरियो ।

ब) कटारी नगरपालिका वडा नं. ०३ हडैया स्थित खसरी बस्नेत सेवा समन्वय मन्दिर परिसरमा सार्वजनिक शौचालय निर्माण गर्न रु. १,९७,३५३.१० रकमको प्राविधिक लागत अनुमान तयार भएको हुँदा उक्त रकम मध्ये जनसहभागिता बाहेकको रु.१,८०,००० (एक लाख असी हजार मात्र) रकम विनियोजन गर्ने निर्णय गरियो । स्रोतः नगरस्तरीय कार्यक्रम

भ) कटारी नगरपालिका वडा नं. ०२ स्थित सिमानपुरमा व्याटमिण्टन कोर्ट निर्माण लागि प्राविधिक लागत अनुमान बमोजिमको रु. २,००,०००/- रकम विनियोजन गर्ने निर्णय गरियो । स्रोतः नगरस्तरीय कार्यक्रम

म) त्रिवेणी मेला व्यवस्थापन समिति, कटारी नगरपालिका वडा नं. ०२ को मिति २०७९/१२/०१ गतेको निवेदन बमोजिम मेलाको क्रममा भएको फोहोरमैला व्यवस्थापनको लागि रकम माग भएको हुँदा रु. ३०,०००/- भूक्तानी गर्ने निर्णय गरियो । स्रोतः सरसफाई, फोहोरमैला तथा नाला सरसफाई

य) मिति २०७९/११/०४ र २०७९।१२।१९ मा कटारी नगरपालिकाको खड्का होटल एण्ड लजले यस कार्यालय प्रयोजन र अतिथि सत्कारको लागि यस नगरपालिकाको नाममा रु. ४४,५००।- भुक्तानीको लागि निवेदन सहित माग गरेको हुदा नेपाल सरकारको मापदण्ड बमोजिम रु. ३३,८३५ विविध शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

र) कटारी नगरपालिकाको लागि निर्माण गरिने बसपार्कको लागी बसपार्क परिसरमा निर्माणाधीन नगरपालिकाको भवनको भुइँ तल्ला र सोको वरिपरी रहेको परिसर बसपार्क तथा पार्किङ्ग प्रयोजनको लागि नगरपालिकाले उपलब्ध गराउन सकिने भएको हुदा नगर विकास कोष काठमाडौंलाई उक्त व्यहोरा जानकारी गराउने साथै उक्त बसपार्कको निर्माण कार्य आगाडी बढाउने सम्झौता प्रकृया अगाडी बढाईदिन अनुरोध समेत गर्ने निर्णय गरियो ।

ल) भवन र आवास तथा शहरी विकास डिभिजन कार्यालय मार्फत कटारी नगरपालिकाबाट आ. व. २०७९/८० मा बसपार्क निर्माणको लागि प्राप्त ४० लाख रकमबाट कटारी नगरपालिकाको बसपार्क भन्दा दक्षिण तर्फको न. पा. कै स्वामित्वको जग्गामा फिलिंगको कार्य गराउने प्रकृया आगाडी बढाईदिन अनुरोध गर्ने साथै उक्त कार्य सम्पन्न भए पश्चात सो ठाउँमा छोटोदुरीका बस पार्किङ्ग गर्ने व्यवस्था समेत मिलाउने निर्णय गरियो ।

व) कटारी नगरपालिका वडा नं. १३ को चौकी भन्ज्याङ सडक मोड सुधार आयोजनाको लागि नगरस्तरीय कार्यक्रमबाट रु. २,५०,०००/- रकम विनियोजन गर्ने निर्णय गरियो ।

श) आ.व. २०७८/७९ मा कार्यान्वयन भई विभिन्न कारणले भुक्तानी छुटेका आयोजनाहरूको भुक्तानी गर्न मिति २०७९/०४/१५ गते बसेको कार्यापालिका वैठकको निर्णयबाट गठित अनुगमन कार्यादलले २०७९।०५।२२ गते स्थलगत रुपमा अनुगमन गरी भूक्तानीको लागि सिफारिस गरेकोले तलको आयोजनलाई तोकिए बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो :-

| क्र.सं. | आयोजनाको नाम, वडा र स्थान | कार्यान्वयनको प्रकृया/ सम्झौता भएको मिति | अनुदानको स्रोत | न.पा. बाट विनियोजित रकम | पेश्की/ रनिङ्ग विलको अवस्था | भौतिक प्रगतिको स्थलगत अवस्था | प्राविधिक मूल्यांकन अनुसार खुद भुक्तानी दिनु पर्ने रकम रु. | अनुगमन गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | रचना महिला भवन निर्माण वडा नं. ४ | उ.स./ २०७९।०१।१५ | वडा स्तरीय | २,००,०००।०० | नलिएको | वडा स्तरीय कार्यक्रम मार्फत सञ्चालन रहेको यस योजनाको अनुगमन गर्दा विनियोजित बजेटबाट झ्याल, ढोका, ग्रील तथा मेसिनरी वालको काम भएको पाइयो । | १,९०,०००।०० | २०७९।०५।२२ |

ष) कटारी नगरपालिकाको आ. व. २०८०/८१ को लागि पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गतका लागि बहुबर्षिक योजना माग गर्ने निर्णय गरियो ।

क. बेलसोत-सिस्नरी-उत्तराजी पर्यटन मार्गको लागि ३५ करोड

ख. कालिखोला सिमसार ड्याम्प तथा पार्क निर्माणका लागि १५ करोड

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

स) नगरसभाले स्वीकृत गरेको जनतासंग मेयर कार्यक्रम (सि.न. ३२) मा विनियोजित बजेटबाट तपशिलका आयोजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वार्ड नं | बजेट |
|---|---|---|---|
| १ | श्री आधारभुत विद्यालय बाकेटार मर्मत सम्भार | ६ | २००००० |
| २ | बिराट ड्राइभिङ्ग सेन्टर प्रा .ली | बिराटनगर | ३५०००० |
| ३ | जडिबुटी प्रजाती अध्ययन पुस्तीका | कटारी न.पा | ८०००० |
| ४ | राष्ट्रिय थामी अध्ययन प्रतिष्ठान | उदयपुर | ५०००० |
| ५ | जनता मा.वि गँरास वाइरिङ्ग | २ | ५०००० |
| ६ | मा.वि कालिखोला जस्तापाता | १ | १००००० |
| ७ | विभिन्न वडाका लागि खानेपानी पाईप खरिद | कटारी न.पा | ५००००० |
| ८ | सि.सि क्यामारा जडान तथा विस्तार | बजार क्षेत्र | ३००००० |
| ९ | मस्जिद शैक्षिक सामाग्री खरिद | ३ | २००००० |
| १० | इलाका प्रहरी कार्यलय सवारी मर्मत | कटारी न.पा | ३००००० |
| ११ | सुकुम्बासी बस्ती जाने बाटो निर्माण | ५ | २००००० |
| १२ | मानब धर्म सेवा आश्रम निर्माण | २ | २००००० |
| १३ | बिद्युतिय पोल खरिद (सिचाईको लागि) | २ | १००००० |
| १४ | स्वास्थ्य चौकी घेराबेरा | ७ | २००००० |
| १५ | मर्जेपुर जाने बाटो निर्माण तथा मर्मत | ७ | २००००० |
| १६ | तित्रिबोट हुदै भगवानपुर बाटो मर्मत | ४ | १००००० |
| १७ | खुलालडाडा झोलुङ्गे पुल कलभर्ट निर्माण(वडा साझेदारी) | ७ | १००००० |
| १८ | कलभर्ट निर्माण (वडा साझेदारी) | ४ | २००००० |
| १९ | लालपुर खानेपानी इनार निर्माण | ५ | १००००० |
| २० | खयरबास सिचाइ बोरिङ्ग निर्माण | ८ | १५०००० |
| २१ | नेपाल मगर सघ भबन निर्माण | ५ | २००००० |
| | जम्मा | | ३८८०००० |

ह) नगरसभाले स्वीकृत गरेको नगर स्तरीय कार्यक्रम (सि.न. ९०) मा विनियोजित बजेटबाट तपशिलका आयोजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वार्ड नं | बजेट |
|---|---|---|---|
| १ | चुहाड बाकेटार भोलैं तिनतले सिचाई कुलो निर्माण | ६ | ३५०००० |
| २ | बुढाबुढी सिचाई कुलो मर्मत | ७ | २००००० |
| ३ | गँरास तेक्वाँन्दो डोजाङ्ग भवन निर्माण | २ | २००००० |
| ४ | तल्लो बरमजिया तटबाध | ५ | २००००० |
| ५ | बेल्सोत सिचाई इनार | १ | १००००० |
| ६ | जलजले झो.पु बाट सुगारे जानेबाटो मर्मत तथा निर्माण | ६ | ४००००० |
| ७ | तेस्रो लाईन टोल बिकास कार्यक्रम | ४ | २००००० |
| ८ | आधारभुत स्वास्थ्य केन्द्र बलिया मर्मत | ३ | ५०००० |
| | | | १७००००० |

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

क्ष) नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको लागि नगर शिक्षा समितिले गरेको निर्णयबमोजिम सो कामको लागि नियमअनुसार परामर्शदाता छनौट गरि कार्य आगाडी बढाउने निर्णय गरियो र यस कार्यलाई व्यवस्थित र समग्र मार्गदर्शन गर्न देहाय बमोजिमको स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| उपप्रमुख | - उप संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सामाजिक विकास समिति संयोजक | - सदस्य |
| स्रोत व्यक्ति | - सदस्य |
| शिक्षा शाखा प्रमुख | - सदस्य सचिव |

त्र) आगामी आर्थिक वर्ष २०८०।८१ मा प्रदेश सरकारलाई समपूरक अनुदान मार्फत संचालन गर्न तपशिलको आयोजना छनौट गरी प्राविधिक स्टिमेट सहित माग गर्ने निर्णय गरियो ।

| सि.न. | आयोजनाको नाम | वडा | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | चुलाढुगां बेलीब्रीज (पुल) मरुवा खोला | ४ | ७५,००,०००/ | क्रमागत (गत आव देखि सूरु भई काम भइरहेकोमा नपुग) |
| २ | कटारी सडक कालोपत्रे आयोजना (त्रिमावि जाने दक्षिण तर्फ) | ३ र ४ | १,८७,३५,५३२.९ | नयाँ (बहुवर्षे) |